मध्यनेपाल नगरपालिका

भोर्लेटार, लमजुङ

## नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरु:

(वैठक संख्या: ०७/२०८१-०८२, मिति: २०८१/०९/१६)

१. **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) को प्रारम्भिक नतिजा सम्वन्धमा:** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम गठन भएको यस नगरपालिकाको सहजिकरण समितिले मूल्याङ्कन गरी पेश गरेको गत आ.व. २०८०/०८१ को नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन वाट प्राप्त प्रारम्भिक नतिजाको प्रासाङ्क ८५ पृष्ठपोषणका लागि लिजा पोर्टल मार्फत जिल्ला समन्वय समितिको कार्यालय लमजुङमा पेश गर्ने र तथा स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम जिल्ला समन्वय समितिमा मूल्याङ्कनका लागि एफ.आर.ए. पोर्टल मार्फत विवरण र कागजात पेश गर्न कार्यालयलाई स्वीकृति प्रदान गर्ने।

२. **चर्दी खोला पुल निर्माण योजनाको म्याद थप सम्वन्धमा:** मध्यनेपाल नगरपालिका वडा नं. ३ मा निर्माणाधिन चर्दीखोला मोटरेवल पुल निर्माण योजनका लागि ठेक्का नं. 1/MNM/NCB/WORKS/078-079 के.वि.सी. प्रसाद जे.भी. भरतपुर चितवनसँग मिति २०८१/०३/१५ सम्मका लागि ठेक्का संझौता भई निर्माण कार्य भैरहेकोमा संझौता अवधिभित्र कार्यसम्पन्न हुन नसक्ने भएकोले म्याद थपका लागि मिति २०८१/०३/०५ मा निर्माण कम्पनीवाट निवेदन पेश भएको साथै मान्य अवधि मिति २०८३/०१/१५ सम्म भएको कृषि विकास वैंक भोर्लेटार शाखावाट मिति २०८१/०८/०९ मा जारी कार्यसम्पादन जमानत सहित उक्त ठेक्काको म्याद थपका लागि निर्णयार्थ प्रस्ताव पेश भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६ र सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ०३ बमोजिम मिति २०८१/१२/१५ सम्म म्याद थप गर्ने।

३. **स्थायी कर्मचारी तथा सेवा करार सम्वन्धमा:-** यस नगरपालिका अन्तर्गत विभिन्न शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थावाट उपलब्ध हुने सेवा प्रवाह चुस्त दुरुस्त छिटो छरितो र प्रविधिमैत्री वनाउन कार्यरत कर्मचारीहरुको सेवा समूह, योग्यता क्षमता, कार्यदक्षताका आधारमा उपयूक्त स्थानमा उपयूक्त कर्मचारी ब्यवस्थापन हुनेगरी जिम्मेवारी हेरफेर गरी कामकाज गर्न खटाउने, कर्मचारीको कार्यसम्पादनको आधारमा मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन तथा पुरस्कार वा दण्ड सजायको ब्यवस्था प्रभावकारी रुपमा लागू गर्ने र सेवा करारका कर्मचारीहरुको चालु आ.व. २०८१/०८२ को संझौता अवधि मिति २०८१ पुष मसान्तमा समाप्त हुने भएकोले नेपाल सरकारको मापदण्ड, स्वीकृत दरवन्दी तेरिज, लेखापरिक्षणवाट प्राप्त सुझाव, करार अवधिको कार्यसम्पादन मुल्याङ्कनको नतिजा तथा उपलब्ध आर्थिक

श्रोत समेतलाई आधार मानी करार संझौता नविकरण गर्न आगामी १६ औं नगरसभामा प्रस्ताव पेश गर्ने र सोही सभावाट अनुमोदन हुने गरी हाल कार्यरत करार कर्मचारीको माघ महिना देखिको तलव भत्ता भूक्तानी गर्ने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

निर्णय प्रमाणीत गर्ने

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

मितिः२०८१/०९/१६